“समृद्ध बकैया निर्माणको मूल आधार; स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन र वातावरणमैत्री पूर्वाधार”

# आर्थिक वर्ष २०७९।८० को

# बजेट वक्तव्य

बकैया गाउँपालिका

मकवानपुर

बागमती प्रदेश, नेपाल

**आदरणीय सभाअध्यक्ष महोदय,**
**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१. नेपालको संविधानको धारा २३० बमोजिम बकैया गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०७९।८० को अनुमानित आय र व्ययको विवरण पेश गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

२. यस महत्वपूर्ण अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न समयमा भएका सशस्त्र संघर्ष, जनआन्दोलन, मधेश आन्दोलन लगायतका राजनीतिक क्रान्तिका क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति श्रद्धा सुमन व्यक्त गर्दछु । साथै घाइते योद्धा र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान सहित उहाँहरुको परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका सन्दर्भमा नेतृत्व प्रदान गर्ने अग्रज राजनीतिकर्मी प्रति समेत उच्च सम्मान व्यक्त गर्दछु ।

३. नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सुशासन, विकास र समृद्ध हासिल गर्न उपलब्ध श्रोत साधनलाई अधिकतम ढङ्गले परिचालन गरि गाउँपालिकावासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवाद उन्मुख समृद्ध एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा सघाउ पुर्याउने गरि बजेट तर्जुमा गरेको छु ।

४. कोभिड-१९ को विश्वव्यापी महामारीबाट सिथिल भएको अर्थतन्त्रले विस्तारै लय लिन थालेकोले यस गाउँपालिकाको आम्दानी र खर्चलाई आर्थिक पुनरोत्थानमा टेवा पुर्याउन परिचालन गर्नुपर्छ भन्ने दृढ मान्यताका साथ यो बजेट तर्जुमा गरेको छु । साथै अर्थतन्त्रको असन्तुलनलाई समाधान गर्न आन्तरिक उत्पादन वृद्धि गर्नुको विकल्प छैन भन्ने मान्यतालाई बजेट तर्जुमा गर्दा आत्मसात् गरेको छु ।

५. आवधिक निर्वाचन लोकतन्त्रिक अभ्यासको उच्चतम नमुना भएकोले हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट जनअनुमोदित भई कार्यभार शुरु गर्नुभएका यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई र सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

६. आगामी वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, प्रदेशको आवधिक योजना, नेपाल सरकारले तर्जुमा गरेको आर्थिक वर्ष २०७९।८० को बजेट, बागमती प्रदेश सरकारले सम्मानित सभामा पेश गरेको आर्थिक वर्ष २०७९।८० को बजेट, विनियोजन विद्येयक, २०७९ का सिद्धान्त र प्राथमिकता, वर्तमान गठबन्धन सरकारको न्यूनतम साझा कार्यक्रम, राजनीतिक दलको घोषणापत्र, माननीय सदस्यहरुले दिनु भएको सल्लाह सुझाव र नागरिक समाज तथा मिडियाबाट समय समयमा प्राप्त सुझावहरुलाई आत्मसात् गरिएको छ ।

७. कोभिड-१९ को असरबाट शिथिल भएको अर्थतन्त्रलाई पुनरुत्थान गर्दै गतिशिल बनाउन तथा हाल देखिएको कोरोना भाईरस नयाँ भेरियन्टको संक्रमण रोक्नुपर्ने कठिन परिस्थितिका बीचमा आगामी आर्थिक वर्षको बजेट तथा  कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गहन जिम्मेवारी बोध गरेको छु । यी चुनौतीलाई सम्बोधन गर्दै गाउँपालिकाको विकास र सुशासन मार्फत समग्र मुलुकको समृद्धिको यात्रालाई टेवा पुर्याउने ध्येयका साथ आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम यस सम्मानित गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

८. कोभिड-१९ को महामारीबाट आर्थिक र मानवीय क्षति हुनुका साथै मनोवैज्ञानिक त्रास पनि सिर्जना भएको छ । महामारी नियन्त्रणका लागि गरिएको प्रयासबाट गाउँपालिकाका नागरिकहरुमा परेको असहज परिस्थिति प्रति गाउँपालाकाको तर्फबाट दुःख व्यक्त गर्न चाहन्छु ।कोभिड-१९ बाट जीवन गुमाउनुहने सम्पूर्ण व्यक्तीहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । कोभिड-१९ को सङ्क्रमण भई उपचाररत् सम्पुर्ण दिदी बहिनी तथा दाजुभाईहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

९. स्वास्थ्य संकटबाट मुलुकको उत्पादन, व्यापार तथा लगानीसम्मको आर्थिक क्रियाकलापहरुको श्रृंखला प्रभावित भएको छ । संक्रामक लगायत सबै प्रकारका रोग र विपदबाट नागरिकको रक्षा गर्दै जनजीवन कसरी सुरक्षित बनाउने भन्ने चुनौति हाम्रो सामु

रहेको विद्यमान अवस्थामा आर्थिक गतिविधि तथा विकास निर्माणलाई निरन्तरता दिन आगामी आर्थिक वर्षको बजेट महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएको छु ।

१०. स्थानीय स्तरमा खाद्यान्नको उत्पादन बढाउने, रोजगारी सिर्जना गर्ने, सार्वजानिक सेवा प्रवाहमा सुधार गर्ने, जनतालाई प्रत्यक्ष प्रभावित गर्ने भौतिक पूर्वाधारमा लगानी गर्नुपर्ने अहिलेको आवश्यकता भएकोले आगामी वर्षको बजेट यस तर्फ केन्द्रित रहेको कुरा म आदरणीय गाउँसभा सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु ।

११. नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा, समाजवाद उन्मुख आर्थिक प्रणालीका साथै राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, शान्ति र सुशासन, संघीय सरकारको वार्षिक नीति, योजना तथा कार्यक्रम, राजनीतिक दलहरुको चुनावी घोषणापत्र, यस गाउँपालिकाको प्रथम आवधिक योजना, दिगो विकासका लक्ष्यहरु र गाउँसभामा प्रस्तुत आगामी आर्थिक वर्षको विनियोजन विधेयक, २०७९ का सिद्धान्त र प्राथमिकतालाई बजेट तथा कार्यक्रम तयार गर्ने क्रममा मार्गदर्शनको रुपमा लिइएको छ ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

१२. अब म आगामी आर्थिक वर्ष २०७८।०७९ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटको उद्देश्यहरु निम्नानुसार छन् ।

- महामारी, संक्रामक रोग, प्राकृतिक प्रकोप र विपद्को समयमा पनि नागरिकको जीवन रक्षा गर्दै मानवोचित जीवन निर्वाहको व्यवस्था मिलाई जनजीवनलाई सहज बनाउने,
- गाउँपालिकाको प्रयास एवं लगानीलाई स्वास्थ्य, कृषि, पूर्वाधार विकास, मानव विकास, रोजगारी, गरिबी निवारणको माध्यमबाट लोककल्याणकारी र समाजवाद उन्मूख अर्थतन्त्र निर्माण गर्ने दिशातर्फ निर्दिष्ट गर्ने, र
- गाउँपालिकाको आन्तरिक राजश्व परिचालन र लगानीको उत्पादनशीलता वृद्धि गरी स्थानीय अर्थतन्त्रको पुनरुत्थान गर्ने ।

१३. आगामी आर्थिक वर्ष २०७९।०८० को लागि तय गरिएका बजेटका उद्देश्यहरु हासिल गर्न देहायका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु ।

- कोभिड-१९ महामारीको समयमा पनि अर्थतन्त्रलाई गतिशिल एवं सन्तुलित बनाइराख्न निजी, सहकारी तथा सरकारी लगानीमा उपलब्ध स्रोतको अधिकतम परिचालन गर्दै उत्पादन वृद्धि तथा रोजगारी सिर्जना,
- स्वास्थ्य सेवाको विश्वसनीयता अभिवृद्धि, स्वास्थ्य सम्बन्धी मापदण्डको पालना र नागरिकको जिउधनको रक्षा,
- आपत्कालिन अवस्थामा स्वास्थ्य सेवाको मागलाई धान्न सक्ने गरी अस्पतालहरुको पूर्वाधार विकास, आवश्यक यन्त्र उपकरणहरु, अक्सिजन प्लान्ट, खोप सेवा, चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको प्रबन्ध,
- कोरोना महामारीबाट ज्यान गुमाएका विपन्न परिवारका आश्रितका लागि विशेष राहत, निजी क्षेत्रलाई सहुलियत, प्रोत्साहन र पुनरुत्थान सहित आर्थिक गतिशिलता,
- कृषि क्षेत्रको औद्योगिकीरण, व्यवसायीकरण, यन्त्रिकरण र बजारीकरण गरी कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि,
- शिक्षा क्षेत्रमा लगानी बढाउँदै प्राविधिक, सीपयुक्त, जीवनपयोगी गुणस्तरीय शिक्षा प्रदान,
- शीघ्र सञ्चालन गरी उच्च प्रतिफल लिन सकिने प्रकृतिका पूर्वाधार आयोजनामा लगानी,
- वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण जस्ता दिगो विकासका सूचकहरु हासिल हुने कार्यक्रम सञ्चालन,
- पारदर्शी, गुणस्तरीय र प्रभावकारी सार्वजानिक सेवा प्रवाह, र
- गाउँपालिकाको विकासमा संघीय सरकार र प्रदेश सरकारको सहभागिता, समन्वय र सहकार्य ।

**आदरणीय सभाअध्यक्ष महोदय,**

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु**

१४. अब म आगामी आर्थिक वर्षको प्रमुख कार्यक्रम तथा विनियोजित बजेटले समेटेका विषयवस्तुहरु प्रस्तुत गर्न चाहन्छु ।

१५. कोभिड-१९ लगायत महामारीजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारका कार्यहरुलाई थप प्रभावकारी बनाई विश्वसनीय र भरपर्दो स्वास्थ्य सेवा प्रदान गर्न

आवश्यक पूर्वाधार, मेशीनरी उपकरण, जनशक्ती, औषधी, खोप लगायतका विषयलाई केन्द्रमा राखि महामारीजन्य प्रकोपलाई प्रतिरक्षा गर्न सक्ने गरी स्वास्थ्य क्षेत्रको सुधार गर्न आवश्यक बजेट व्यवस्था मिलाइएको छ।

१६. कोभिड-१९ महामारीका कारण शैक्षिक सत्र २०७६ र २०७७ मा उल्लेख्य असर पर्न गयो । सबै शिक्षण संस्था र तालिम केन्द्रहरु बन्द भए । विद्यालय तहका सबै कक्षा र तहका विद्यार्थीको नियमित पठन पाठन, परीक्षा सञ्चालन, मूल्याङ्कन र परीक्षाफल प्रकाशन समयमा सम्पन्न हुन सकेन । यस परिवेशमा बालबालिकाको सिकाईलाई निरन्तरता दिन नेपाल सरकार र बागमती प्रदेश सरकारसँगको सहकार्यमा सूचना प्रविधिको प्रयोग गरि वैकल्पिक पद्धति मार्फत शिक्षण सिकाईलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ ।

१७. देशकै दोस्रो बालमैत्री गाउँपालिकाको रुपमा घोषित भएको यस गाउँपालिकामा बालमैत्री शासनको दिगोपनाका लागि बालमैत्री अभियानलाई निरन्तरता दिनका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

१८. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न हरित उत्पादन प्रविधि अवलम्बन गर्दै सम्भाव्य क्षेत्रहरुमा कृषि, पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिँदै व्यवसायीकरण, यन्त्रिकीकरण र बजारीकरण गर्ने विशेष व्यवस्था मिलाइएको छ।

१९. नेपाल सरकार प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा भूमिको बनौट र उपयूक्तताको आधारमा वर्गीकरण गरी सोही अनुसार भू-उपयोग गर्ने र समानता तथा औचित्यताका आधारमा भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्ने कार्यक्रम द्रुत रुपमा अगाडि बढाउनका लागि बजेट व्यवस्था गरिएको छ ।

२०. गाउँपालिका भित्र सबै घरधुरीमा आधारभूत खानेपानीको पहुँच पुर्याउने योजनाहरुलाई निरन्तरता दिँदै आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२१.	सिँचाई पूर्वाधार कार्यक्रमहरुको कार्यान्वयन गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि मार्फत रोजगारी सिर्जनाका साथै आयात प्रतिस्थापनमा जोड दिइनेछ । विगत आर्थिक वर्षदेखि सञ्चालन हुँदै आएको मागमा आधारित लिफ्ट सिँचाई, बोरिङ कार्यक्रमको निरन्तरता तथा नयाँ निर्माण गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२२.	गाउँपालिका भित्र वडा केन्द्रहरु जोड्ने तथा अन्य प्रमुख र शाखा सडक आयोजनाहरु स्तरोन्नतीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । साथै नेपाल सरकार तथा प्रदेश सरकारसँगको सह लगानीमा सडक पुल तथा झोलुंगे पुल निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२३.	वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलित, लैङ्गिक समानता र समावेशीकरण लगायत दिगो विकासका लक्ष्यहरु हासिल हुने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिई बजेट व्यवस्था गरिएको छ ।

२४.	आन्तरिक तथा बाह्य पर्यटनलाई प्रवर्द्धन गर्न विभिन्न जातजाती, धर्म, संस्कृति, भाषिक तथा सामाजिक विविधतालाई संरक्षण र सम्बर्द्धन गर्दै गाउँपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वका संरचना र स्थानको विकास, विस्तार र संरक्षणका लागि आवश्यक प्रबन्ध मिलाइएको छ ।

२५.	गाउँपालिकामा निर्मित नीति, कानून र नियमहरुको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधारणको पहुँचसम्म पुर्याउन विशेष जोड दिइनेछ । गाउँपालिकाको सूचना तथा संचारलाई प्रभावकारी, व्यवस्थित र अनुशासित बनाईनेछ । गाउँपालिका कार्यालयलाई जनता प्रति उत्तरदायी एवम् जवाफदेही बनाइने छ ।

२६.	बाढी, पहिरो, भू-क्षेय, मनसुनजन्य जस्ता प्राकृतिक प्रकोष लगायत संक्रामक रोग, प्राकृतिक र मानवीय विपद् व्यवस्थापनमा द्रुत उद्धार, उपचार, राहत तथा पुनःस्थापना लगायतका कार्य गर्न विपद् व्यवस्थापन कोषको लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

२७.	नेपाल सरकार तथा बागमती प्रदेश सरकारले व्यवस्था गरे अनुसार गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीको मनोबल बढाई सार्वजानिक सेवालाई प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीलाई रु. १० लाखसम्मको सामूहिक दुर्घटना बीमा र रु. १

लाखको स्वास्थ्य बीमा प्रिमियम वापतको रकम गाउँपालिकाले व्यहोर्ने व्यवस्था मिलाइएको छ ।

२८. राष्ट्रसेवकलाई प्रदान गरिने सेवा सुविधालाई समय सापेक्ष बनाउन नेपाल सरकार तथा बागमती प्रदेश सरकारले व्यवस्था गरे अनुरुप २०७९ श्रावण १ गतेदेखि गाउँपालिका मातहतका सबै राष्ट्रसेवकको तलबमानमा १५% वृद्धि गरिएको छ । साथै हाल प्रदान गरिँदै आएको महंगी भत्तालाई निरन्तरता दिइएको छ ।

२९. मिति २०७९ असार १० गते यस बकैया गाँउपालिकाको आठौं गाँउसभा बैठकको प्रथम सत्रमा गाँउपालिकाको आव २०७९।८० को नीति तथा कार्यक्रम प्रस्तुत गरिसकिएको छ । उक्त नीति तथा कार्यक्रमको आधारमा तयार गरिएको बजेट माथि विभिन्न विषयगत समितिहरुमा भएका दफावार छलफल तथा कार्यपालिका बैठकमा पटक पटक भएका छलफलबाट प्राप्त निचोडको आधारमा तयार गरिएको आव २०७९।८० को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

३०. प्रथम सत्रमा यस सम्मानीत सभा समक्ष आर्थिक वर्ष २०७९।८० को कुल **बजेट रु. ८१ करोड २७ लाख ४६ हजार** रहेको जानकारी गराउँदछु ।जसलाई तलको तालिकामा प्रस्तुत गरको छु ।

| सि.नं. | स्रोत समूह, बजेटको स्रोततह/, स्रोत, प्राप्तिको विधि | अनुमानित आय |
|---|---|---|
| १ | संघीय सरकार, नेपाल सरकार, १३३११ - समानिकरण अनुदान, नगद अनुदान | १३४,१००,०००।०० |
| २ | संघीय सरकार, नेपाल सरकार, १३३१३ - शसर्त अनुदान पुँजीगत, नगद अनुदान | २८९,२००,०००।०० |
| ३ | संघीय सरकार, समपूरक अनुदान | ५,०००,०००।०० |
| ४ | संघीय सरकार, विशेष अनुदान | १०,०००,०००।०० |
| ५ | राजस्व बाडफाड, राजस्व बाँडफाँड संघीय - सरकार, मुल्य अभिबृद्धि कर तथा अन्तशुल्क | १३६,९०१,०००।०० |
| **जम्मा** | | **५७५,२०१,०००।००** |
| १ | प्रदेश सरकार, वित्तीय समानीकरण अनुदान | १२,५८९,०००।०० |

| | | |
|---|---|---|
| २ | प्रदेश सरकार, सशर्त अनुदान | ३१,२४६,०००।०० |
| ३ | प्रदेश सरकार, सवारी साधन कर | ३६,११९,०००।०० |
| ४ | प्रदेश सरकार, समपूरक अनुदान | २९,९६३,०००।०० |
| **जम्मा** | | **१०९,९१७,०००।००** |
| ५ | घरजग्गा रजिष्ट्रेशन शूल्कबाट प्राप्त | १०,०००,०००।०० |
| ६ | स्थानीय राजश्व बाँडफाँड | ७०,३२८,०००।०० |
| ७ | अन्य राजश्व अनुमान | ९०,००,०००।०० |
| ८ | मौज्दात | ३८,३००,०००।०० |
| **जम्मा** | | **१२७,६२८,०००।००** |
| **कुल जम्मा** | | **८१२,७४६,०००।००** |

**आदरणीय सभाध्यक्ष महोदय,**

३१. अब म प्रस्तावित कुल बजेट रु. ८१ करोड २७ लाख ४६ हजार रकमको विनियोजन विवरण प्रस्तुत गर्नचाहन्छु।

३२. नेपाल सरकारबाट शशर्त अनुदान तर्फ प्राप्त रु. २८ करोड ९२ लाख तथा बागमती प्रदेश सरकारबाट शशर्त अनुदान तर्फ प्राप्त रु ३ करोड १२ लाख ४६ हजार रकम गरी जम्मा रु ३२ करोड ४ लाख ४६ हजार रकमलाई तत् तत् तहबाट नै तय भई आए बमोजिम खर्च गरिनेछ ।

३३. नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान रु. ५० लाख रकमलाई नेपाल सरकारसङ्गको सहकार्यमा योजनाहरु सञ्चालन गरिनेछ । जस अन्तर्गत नेपाल सरकारबाट प्राप्त योजना तथा बजेट तपसील बमोजिम रहेको छ ।

| क्र.सं. | बजेट शिर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | हात्तीसुंडे शिखरपुर मन्थली ठिंगन सडक | ५०,००,०००।- |

३४. बागमती प्रदेश सरकारबाट बाट प्राप्त समपुरक अनुदान रु.२ करोड ९९ लाख ६३ हजार रकमलाई प्रदेश सरकारसङ्गको सहकार्यमा योजनाहरु सञ्चालन गरिनेछ ।जस अन्तर्गत प्रदेशबाट प्राप्त योजना तथा बजेट तपशिल बमोजिम रहेको छ ।

| क्र.सं. | बजेट शिर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | भीमसेनदमार कालीदमार सडक स्तरोन्नती क्रमागत | ९९,९७,०००।- |
| २ | भिरकोट विजलडाँडा सडक स्तरोन्नती क्रमागत | ९९,६६,०००।- |
| ३ | श्रीपुर सुधा गडवान रतनपुरी सडक स्तरोन्नती क्रमागत | १,००,००,०००।- |
| जम्मा | | २,९९,६३,०००।- |

३५. उल्लेखित समपुरक कोषको साझेदारीका लागि गाउँपालिकाले व्यहोर्ने रकम सहित समपुरक कोषका लागि तपशिल बमोजिम समपुरक बजेट विनियोजन गरिएको छ ।

| **क्र.स.** | **आयोजनाको नाम** | **बजेट रकम** |
|---|---|---|
| १ | हात्तीसुँडे शिखरपुर मन्थली ठिंगन सडक | ५०,००,०००।- |
| २ | भीमसेनदमार कालीदमार सडक स्तरोन्नती क्रमागत | १,००,०३,०००।- |
| ३ | भिरकोट विजलडाँडा सडक स्तरोन्नती क्रमागत | १,००,३४,०००।- |
| ४ | श्रीपुर सुधा गडवान रतनपुरी सडक स्तरोन्नती क्रमागत | १,००,००,०००।- |
| जम्मा | | ३,५०,३७,०००।- |

३६. नेपाल सरकारबाट प्राप्त विशेष अनुदान रु. १ करोड रकमलाई नेपाल सरकारसङ्गको समन्वयमा योजना सञ्चालन गरिनेछ । जस अन्तर्गत नेपाल सरकारबाट प्राप्त योजना तथा बजेट तपसील बमोजिम रहेको छ ।

| क्र.सं. | बजेट शिर्षक | बजेट रकम रु. |
|---|---|---|
| १ | हात्तीसुँडे डिपवोरिङ्ग वाटर सप्लाई एण्ड स्यानिटेसन प्रोजेक्ट | १,००,००,०००।- |

उल्लेखित योजनाको विद्युतिय ठेक्का आह्वान भई संझौताको प्रकृयामा रहेकोमा गाउँपालिकाले समेत बजेट व्यवस्थापन गरिएकोमा उक्त बजेट क्रमागत योजना सूचीमा उल्लेख गरिएको छ ।

३७. यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुतथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु ९ करोड विनियोजन गरिएको छ । यसरी विकास बजेट तर्फ वडागत सिलिङ तथा कार्यपालिका सदस्यहरुको सिलिङ्गको आधारमा १२ वटा वडा समितिको कार्यालयबाट टोल बस्तीस्तर हुँदै सहभागितामुलक तवरले ल्याइएका कुल आयोजना र कार्यक्रम अन्तरगत रु. ९ करोड ९० लाखको विभिन्न विषयक्षेत्रमा विभिन्न आयोजना एवम् कार्यक्रमको लागि बजेट विनियोजन गरिएको छ ।जसलाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

**बकैया गाउँपालिका वडा नं. १**

| **क्र.सं.** | **योजना कार्यक्रम** | **विनियोजित बजेट रु.** |
|---|---|---|
| १ | धियाल पानिघाट मोटर बाटो निर्माण | ३००,०००।०० |
| २ | आहालडाँडा र नेवारडाँडा मोटर बाटो निर्माण | ४००,०००।०० |
| ३ | मोरङ्गे देखि चण्डौ बजार ग्राबेल | ८००,०००।०० |
| ४ | चिसापानी देखि अल्लजोर हेमपाईप | १,४००,०००।०० |
| ५ | महादेव डाँडा वडा कार्यालय जाने बाटो स्ल्याब ढलान | १,५००,०००।०० |
| ६ | विजय बस्ति स्वस्ती ग्राभेल | ४००,०००।०० |

| | | |
|---|---|---|
| ७ | इपिल बस्ति ग्राभेल | ६००,०००।०० |
| ८ | ढिकिफेदी ग्राभेल | ५००,०००।०० |
| ९ | रजुवा स्ल्याब ढलान **(कार्यपालिका सदस्य)** | ५००,०००।०० |
| १० | धियाल गुम्बा निर्माण **(कार्यपालिका सदस्य)** | ५००,०००।०० |
| ११ | कत्ले खोला ग्राभेल ट्र्याक निर्माण | ३००,०००।०० |
| १२ | धोविखोला ट्र्याक निर्माण | ३००,०००।०० |
| १३ | विविध | ५००,०००।०० |
| **जम्मा** | | ८२,५०,०००।- |

## बकैया गाउँपालिका वडा नं. २

| | | |
|---|---|---|
| १ | नमुना कृषि कार्यक्रम | ३००,०००।०० |
| २ | स्वरोजगार | १५०,०००।०० |
| ३ | महिला लक्षित कार्यक्रम | २००,०००।०० |
| | दलित कार्यक्रम | १००,०००।०० |
| ४ | शिक्षा | ३००,०००।०० |
| ५ | विविध सास्कृतिक कार्यक्रम | २००,०००।०० |
| ६ | पर्यटन प्रवर्धन | २००,०००।०० |
| ७ | खेलकुद | २००,०००।०० |
| ८ | भमरा गुम्बा स्तरोउन्नती | ४००,०००।०० |
| ९ | बालमैत्री कार्यक्रम | १००,०००।०० |
| १० | बरबोट डिल माथि खानेपानी | ३५०,०००।०० |
| ११ | मोत्तान टोल ईनार सिंचाई **(कार्यपालिका सदस्य)** | १५०,०००।०० |
| १२ | थाकलचौर खानेपानी | ४५०,०००।०० |
| १३ | तिनथुम्के खानेपानी **(कार्यपालिका सदस्य)** | ८००,०००।०० |
| १४ | सरस्वती खानेपानी | १,१००,०००।०० |
| १५ | टोङटोङ खानेपानी | १००,०००।०० |
| १६ | सडक मर्मत | ४००,०००।०० |
| १७ | टुडिखेल डण्डिखर्क खानेपानी | २००,०००।०० |
| १८ | बालुवाटार दोभान खानेपानी | ९००,०००।०० |

| | | |
|---|---|---|
| १९ | चाँदे ग्रामिण सडक स्तरोउन्नती | ४५०,०००।०० |
| २० | पाखाथली ग्रामीण सडक निर्माण **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| २१ | ल्कुन्दुङ टोल बस्ती बचाउ **(कार्यपालिका सदस्य)** | ३५०,०००।०० |
| २२ | खानेपानी योजना झल्ला | १००,०००।०० |
| २३ | बालबालिका कार्यक्रम | १००,०००।०० |
| २४ | सुशासन तथा संस्थागत विकास | १००,०००।०० |
| २५ | भमरा किल्निक भवन मर्मत | १००,०००।०० |
| २६ | विविध | ५००,०००।०० |
| **जम्मा** | | **८,५००,०००।००** |

## बकैया गाउँपालिका वडा नं. ३

| | | |
|---|---|---|
| १ | कृषि टनेला | २००,०००।०० |
| २ | सीप विकास कार्यक्रम | १००,०००।०० |
| ३ | खानेपानी व्यवस्थापन | ४००,०००।०० |
| ४ | टाँसी छोइफेल गुम्बा चम्पाखहरे | २००,०००।०० |
| ५ | चिसापानी चर्च | ३००,०००।०० |
| ६ | धानेश्वर शिव मन्दिर | २००,०००।०० |
| ७ | बसन सडक स्तरोन्नती | २००,०००।०० |
| ८ | पिप्ले गुरुङ टोल सडक स्तरोन्नती र नयाँ ट्र्याक | ३००,०००।०० |
| ९ | राई टोल स्ल्याब ढलान | ४००,०००।०० |
| १० | बुद्ध मा.वि. गार्डेन | ३००,०००।०० |
| ११ | स्वास्थ्य आधारभुतको चौर सुधार | २००,०००।०० |
| १२ | दलित वर्ग उत्थान कार्यक्रम | १००,०००।०० |
| १३ | जगतमान गोलेको घर नजिक बसन जाने बाटो भिरालो भर्याङ निर्माण | २००,०००।०० |
| १४ | लाटी खोल्सी मेसिनरी वाल सडक | ३००,०००।०० |
| १५ | चम्पाखहरे सडक स्तरोन्नती | ७००,०००।०० |
| १६ | दमै डाँडा सडक ढलान स्ल्याब | ६००,०००।०० |
| १७ | विक टोलदेखि सडक स्तरोन्नती तथा ध्वज बहादुरको | १०००,०००।०० |

| | | |
|---|---|---|
| | टोल र झाक्री डाँडा भोलन टोल सम्म | |
| १८ | चम्पाखहरे बस्नेत टोल छुट्टीने दोबाटो स्ल्याब र नाली व्यवस्थापन | ६००,०००।०० |
| १९ | हर्कपुर टोल सडक स्तरोन्नती | ४००,०००।०० |
| २० | विविध | ८००,०००।०० |
| २१ | महिला सशक्तिकरणको लागि नेत्तृत्व विकास तथा शिपमुलक तालिम | २५०,०००।०० |
| २२ | चिसापानी वि क टोल देखि ध्वज बहादुर भोलन टोल नयाँ ट्र्याक | १,०००,०००।०० |
| जम्मा | | **८,२५०,०००।००** |

## बकैया गाउँपालिका वडा नं. ४

| | | |
|---|---|---|
| १ | नयाँ दमार सडक खानेपानी | ३००,०००।०० |
| २ | रातो थली बान्द्रे खानेपानी | ५००,०००।०० |
| ३ | कत्लेखोल्सी खानेपानी सानोथली थली पान्द्राली | ७००,०००।०० |
| ४ | सतोभिर खानेपानी | ५०,०००।०० |
| ५ | ठाँटीकुना विचटोल मिस्त्री टोल खानेपानी | २००,०००।०० |
| ६ | सानो थली घट्टेपाखोल्सी खानेपानी | १००,०००।०० |
| ७ | सुविदार स्वारा खानेपानी | ५०,०००।०० |
| ८ | पहरे खानेपानी | ५०,०००।०० |
| ९ | तिनतले खानेपानी | ५०,०००।०० |
| १० | सोवि खानेपानी | १००,०००।०० |
| ११ | घैया दमार सडक स्तरोन्नती | ७००,०००।०० |
| १२ | जुरेली मन्दिर टोल सडक ग्राभेल | १००,०००।०० |
| १३ | पहरे बालकल्याण प्रा.वि. सडक स्तरोन्नती | २००,०००।०० |
| १४ | पाङदुरे ठुलो खोरीया लामीडाँडा सडक निर्माण | ३००,०००।०० |
| १५ | रातो खहरे मेलटोल गुरुङटोल सडक निर्माण | १५०,०००।०० |
| १६ | माझी खोला आलडाँडा सेतोभीर सडक स्तरोन्नती | २००,०००।०० |
| १७ | देउताखोला अधुरो कृषि सडक | २००,०००।०० |

| | | |
|---|---|---|
| १८ | बाघ भैरव विद्यालय जाने सडक ग्राभेल | ५०,०००।०० |
| १९ | माझी खोला गाउँ भित्र जाने सडक | ५०,०००।०० |
| २० | गोठखोला घट्टे खोल्सी अधुरो कृषि सडक | ५०,०००।०० |
| २१ | गरगरे पावस सडक ग्राभेल | १५०,०००।०० |
| २२ | सोवि रण बहादुर टोल सिंचाई | १५०,०००।०० |
| २३ | ठकुरीटोल लिफ्ट सिंचाई सोवि | २००,०००।०० |
| २४ | पलासे अधुरो सिंचाई | १५०,०००।०० |
| २५ | रातो खहरे सिंचाई पक्की कुलो | १५०,०००।०० |
| २६ | अजिङगरे लिफ्ट सिंचाई | ३००,०००।०० |
| २७ | रमिते फाँट सिँचाई | १००,०००।०० |
| २८ | श्रीपुर फाँट सिँचाई | १००,०००।०० |
| २९ | गोठखोला विच टोल सिंचाई कुलो मर्मत | २००,०००।०० |
| ३० | भुत्ते लिफ्ट सिंचाई | १००,०००।०० |
| ३१ | माझीखोला टोल सिँचाई कुलो | १५०,०००।०० |
| ३२ | माझीखोला शीर लिफ्ट सिंचाई | १००,०००।०० |
| ३३ | काउने खहरे नियन्त्रण पुल मुनी | १००,०००।०० |
| ३४ | दलित सिमान्तकृत तथा विपन्न महिलाहरुलाई सिप मुलक तालिम | २००,०००।०० |
| ३५ | विपन्न असहाय स्वास्थ्य विमा सहयोग कार्यक्रम | १५०,०००।०० |
| ३६ | विपन्न विद्यार्थीहरुलाई सहयोग | ७०,०००।०० |
| ३७ | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी कार्यक्रम | २००,०००।०० |
| ३८ | खेलकुद कार्यक्रम | १००,०००।०० |
| ३९ | बालमैत्री निरन्तरताका लागी बालबालिका बैठक व्यवस्थापन | ३०,०००।०० |
| ४० | विविध | २००,०००।०० |
| ४१ | देविथान व्यवस्थापन देवि डाँडा **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ४२ | पाङधुरे जिम्बाटोल राईटोल सडक ग्राभेल **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| ४३ | देउताखोला चर्च भवन निर्माण **(कार्यपालिका सदस्य)** | ४००,०००।०० |

| | | |
|---|---|---|
| ४४ | पन्द्राली सडक चौतारा डाँडा व्यवस्थापन **(कार्यपालिका सदस्य)** | ३५०,०००।०० |
| जम्मा | | **८,२५०,०००।००** |

## बकैया गाउँपालिका वडा नं. ५

| | | |
|---|---|---|
| १ | सडक विस्तार | ५००,०००।०० |
| २ | सडक स्तरोन्नती | ९९०,०००।०० |
| ३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ८००,०००।०० |
| ४ | भित्रिस्वारा बुदुने खानेपानी | ५००,०००।०० |
| ५ | तिनतले खानेपानी | ३००,०००।०० |
| ६ | राजदमार खानेपानी | २००,०००।०० |
| ७ | खानेपानी योजना ५ नं वडा भरी | ४००,०००।०० |
| ८ | कत्ले खुर्सानी बारी खानेपानी | २००,०००।०० |
| ९ | हर्कपुर तथा गोले टोल खानेपानी | ४००,०००।०० |
| १० | पावस माझी गाँउ खानेपानी | ४००,०००।०० |
| ११ | वन वातावरण तथा विपद | १५०,०००।०० |
| १२ | महिला लक्षित तालिम तथा कार्यक्रम | २००,०००।०० |
| १३ | बालबालिका | ११०,०००।०० |
| १४ | शिक्षा | ४००,०००।०० |
| १५ | स्वास्थ्य | ५०,०००।०० |
| १६ | लागु औषध दुर्वसनी विरुद्धको सचेतनामुलक कार्यक्रम | ५०,०००।०० |
| १७ | कृषि पशुपालन तथा उद्यमशिलता विकास | ६५०,०००।०० |
| १८ | खेलकुद | ४००,०००।०० |
| १९ | विविध | ७००,०००।०० |
| २० | नमुना कृषि उत्पादक सहकारी संस्था कर्मचुली **(कार्यपालिका सदस्य)** | ३५०,०००।०० |
| २१ | माझी भवन निर्माण **(कार्यपालिका सदस्य)** | ५००,०००।०० |
| जम्मा | | **८,२५०,०००।००** |

## बकैया गाउँपालिका वडा नं. ६

| | | |
|---|---|---|
| १ | प्रधानमन्त्रि रोजगार साझेदारी | १,०००,०००।०० |
| २ | कुडली कृषि सडक | २००,०००।०० |
| ३ | गैरीगाँउ आपँचौर खानेपानी | २००,०००।०० |
| ४ | ज्यामिरे कृषि सडक | ३००,०००।०० |
| ५ | सगरमाथा प्रावि खेलमैदान | ३००,०००।०० |
| ६ | सानो ज्यामिरे खानेपानी | २००,०००।०० |
| ७ | गडवान विच टोल कृषि सडक | २००,०००।०० |
| ८ | राष्ट्रिय कालिका प्रावि घेराबार | २००,०००।०० |
| ९ | जनजागृती खेलमैदान | २००,०००।०० |
| १० | जसपाल महिला भवन | ३००,०००।०० |
| ११ | जुईना साततले भवन | २५०,०००।०० |
| १२ | मिलन टोल सानो सिंचाई | १००,०००।०० |
| १३ | शैक्षिक सामाग्री खरिद | ४००,०००।०० |
| १४ | झोलखानी सिंचाई | २००,०००।०० |
| १५ | भर्याङखोला टुडिखेल सडक | ३००,०००।०० |
| १६ | साततले खानेपानी | ५००,०००।०० |
| १७ | कत्ले सडक स्तरोन्नती | २००,०००।०० |
| १८ | ठुलो सुधा खानेपानी | १००,०००।०० |
| १९ | स्वास्थ्य | ५०,०००।०० |
| २० | खेलकुद | २००,०००।०० |
| २१ | साततले घुम्तदमार रिङरोड | १००,०००।०० |
| २२ | जुनेलीवस्ती खानेपानी | १००,०००।०० |
| २३ | जुइना सडक स्तरोन्नती **(कार्यपालिका सदस्य)** | ५००,०००।०० |
| २४ | विविध | ५००,०००।०० |
| २५ | ठुलो सुधा खेलमैदान **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| २६ | खोपिल्टो सिंचाई साना सिंचाई **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| २७ | ओडारखोला समिन दमार सिंचाई **(कार्यपालिका सदस्य)** | १५०,०००।०० |

| | | |
|---|---|---|
| २८ | सडक मर्मत | ६००,०००।०० |
| २९ | शैखेश्वरी प्रा.वि. घेराबार | २००,०००।०० |
| ३० | आहालडाँडा खानेपानी **(कार्यपालिका सदस्य)** | १००,०००।०० |
| ३१ | जागरण महिला भवन | १००,०००।०० |
| जम्मा | | ८,२५०,०००।०० |
| **बकैया गाउँपालिका वडा नं. ७** | | |
| १ | कान्द्राङ बाल उद्यान पर्यटकिय पार्क | ४००,०००।०० |
| २ | माथिल्लो भिरकोट सडक स्ल्याब | ४००,०००।०० |
| ३ | कोलखहरे चम्पाखहरे सडक मर्मत | २००,०००।०० |
| ४ | विमिरे सडक मर्मत | ३००,०००।०० |
| ५ | कान्द्राङ क्याइनोनिया चर्च मर्मत | ५००,०००।०० |
| ६ | मामदमार छोइसाङ गुम्बा मर्मत | ५००,०००।०० |
| ७ | अन्तरे डाँडा कुवापानी सडक मर्मत | २००,०००।०० |
| ८ | हिरामुनि कालिदमार कुवापानि जोड्ने सडक | ३००,०००।०० |
| ९ | रानिदमार शाखा सडक मर्मत तथा निर्माण | १५०,०००।०० |
| १० | माटोकोरी आधारभुत विद्यालय गेटवाल मर्मत तथा फर्निचर | १५०,०००।०० |
| ११ | हात्तिखोला धनेश्वर पर्यटकिय पार्क | ४००,०००।०० |
| १२ | अधेरी स्कुलटोल खानेपानी | ३००,०००।०० |
| १३ | कत्तलेखोला खानेपानी ट्याङकी निर्माण | २००,०००।०० |
| १४ | श्री उत्तम भावना प्रा.वि. रङरोगन तथा मर्मत | २००,०००।०० |
| १५ | महिला तथा बालमैत्रि कार्यक्रम | २५०,०००।०० |
| १६ | हात्तिखोला तल्लो फुयाँल टोल सडक मर्मत | ३००,०००।०० |
| १७ | श्री जनएकता प्रा.वि. दरवार जस्ता खरिद | २००,०००।०० |
| १८ | खेलकुद | ६००,०००।०० |
| १९ | पाईप खरिद | ३००,०००।०० |
| २० | भिरकोट शक्तेश्वर मन्दिर निर्माण | २००,०००।०० |
| २१ | खरकटाई शाखा सडक निर्माण **(कार्यपालिका सदस्य)** | ४००,०००।०० |
| २२ | हिरामुनि मगरटोल तटबन्धन **(कार्यपालिका सदस्य)** | ४००,०००।०० |

| | | |
|---|---|---|
| २३ | श्री पशुपती प्रा.वि. विद्यालय विद्युत सामान तथा फर्निचर खरिद **(कार्यपालिका सदस्य)** | १००,०००।०० |
| २४ | हात्तिखोला घमिले स्याङतान टोल धमिले खहरे नियन्त्रण तथा पोखरी बस्ती बचाउ **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| २५ | विविध | १,०००,०००।०० |
| जम्मा | | **८,२५०,०००।००** |

## बकैया गाउँपालिका वडा नं. ८

| | | |
|---|---|---|
| १ | किर्ने हुदै तल्लो विरे सडक स्तरउन्नती ग्राबेल | २००,०००।०० |
| २ | कैजले खानेपानी तथा ईनार | १५०,०००।०० |
| ३ | घट्टेडाँडा सिँचाई ट्र्याङकी निर्माण **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ४ | अरना थुम्का हुदै मोरङ्गे निस्कने सडक निर्माण | १००,०००।०० |
| ५ | थोकर सिंतान टोल खानेपानी ईनार | १५०,०००।०० |
| ६ | ग्याप्से सडक निर्माण कैजले | २००,०००।०० |
| ७ | चिलाउनेबास कुवा निर्माण | १००,०००।०० |
| ८ | अधुरो स्कुल डाँडा खानेपानी ईनार | १००,०००।०० |
| ९ | ताप्केडाँडा चौतारा बरबोट खानेपानी | १००,०००।०० |
| १० | मोरङ्गे हुदै बागमती ८ जोड्ने सडक निर्माण | २००,०००।०० |
| ११ | पिपल डाँडा महिला भवन निर्माण **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| १२ | पोलोनडाँडा हुदै पिपलडाँडा जोड्ने सडक ग्रावेल | १५०,०००।०० |
| १३ | अधुरो पिपलडाँडा रोड ग्रावेल | १५०,०००।०० |
| १४ | खानेपानी तथा सडक ईनार सानोमोतिपुर | २००,०००।०० |
| १५ | ओखले गोठडाँडा नयाँ सडक निर्माण | २००,०००।०० |
| १६ | महिला भवन विरे | ३००,०००।०० |
| १७ | चिसापानी देउताखोला चिउरीबास सडक निर्माण | ३००,०००।०० |
| १८ | मट्टिनी लोसेखोला सडक निर्माण | ३००,०००।०० |

| | | |
|---|---|---|
| १९ | उत्तम चोक नेबुवाटार चिसोपानी सडक मर्मत **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| २० | चुवरी खोला काभ्रे ईनार | १००,०००।०० |
| २१ | देउताखोला चिलाउनेबास सडक निर्माण | १५०,०००।०० |
| २२ | पुरानो स्कुल बरबोट नेवुटार ग्यावा टोल थुम्का सडक मर्मत | १००,०००।०० |
| २३ | बकिया थान मन्दिर घेराबार तथा मर्मत | १५०,०००।०० |
| २४ | लुङवाडाँडा खानेपानी गोठडाँडा | २००,०००।०० |
| २५ | महिला भवन गोठडाँडा | ३००,०००।०० |
| २६ | घलेटोल हुदै अखौंले जोड्ने सडक | २००,०००।०० |
| २७ | स्कुल चोक हुदै खानेपानी गोठडाँडा **(कार्यपालिका सदस्य)** | १५०,०००।०० |
| २८ | मगर टोल खानेपानी मर्मत गोठडाँडा | १५०,०००।०० |
| २९ | कर्मया लिफ्ट सिंचाई ईनार | १५०,०००।०० |
| ३० | शिरशिरे दमार लिफ्ट सिंचाई ईनार | २००,०००।०० |
| ३१ | हिलेखोला दमाहा देखि ठकुरो टोल सम्म सडक **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ३२ | खजुरीदमार विच लिफ्ट सिंचाई ईनार | १००,०००।०० |
| ३३ | खजुरी दमार खानेपानी मर्मत | १००,०००।०० |
| ३४ | बङदह खानेपानी ईनार | १००,०००।०० |
| ३५ | खजुरीदमार तल्लो स्कुलटोल खानेपानी ईनार | १५०,०००।०० |
| ३६ | श्री जनजागृती मा.वि. खानेपानी **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ३७ | गोठडाँडा आ.वि. मर्मत | १५०,०००।०० |
| ३८ | बकिया ठाकुर नि.मा.वि. मर्मत | २००,०००।०० |
| ३९ | खजुरीदमार आ.वि. खानेपानी तथा ईसिडि टेबल | १००,०००।०० |
| ४० | खेलकुद | ३००,०००।०० |
| ४१ | महिला लक्षित कार्यक्रम | २००,०००।०० |
| ४२ | नेतृत्व विकास माईन्युट लेखन तालिम | २००,०००।०० |
| ४३ | विविध | ८००,०००।०० |

| | |
|---|---|
| जम्मा | ८,२५०,०००।०० |

## बकैया गाउँपालिका वडा नं. ९

| | | |
|---|---|---|
| १ | हर्कपुर खेलमैदान | ५००,०००।०० |
| २ | भैरुङदोभान सिंचाई | २००,०००।०० |
| ३ | भैरुङदोभान खेलमैदान | २००,०००।०० |
| ४ | खोल्मोडाँडा पाँचघरे सडक | ३००,०००।०० |
| ५ | चिउरीबास चिसापानी जोड्ने मोटर बाटो | ३००,०००।०० |
| ६ | चीउरीबास थानी मन्दिर | ५०,०००।०० |
| ७ | सिम्बा गाराङर मोटरबाटो | १००,०००।०० |
| ८ | एक्लेदमार कुडुल्लेढोप सडक ग्राभेल | ३००,०००।०० |
| ९ | जोगीदमार सयपत्री चुवार भुर्तेलडाँडा एक्लेदमार मोरङगेढो | ४५०,०००।०० |
| १० | नारायण डाँडा खानेपानी ट्याङकी मर्मत | १५०,०००।०० |
| ११ | कुसुमदमार खानेपानी | १००,०००।०० |
| १२ | जोगीदमार इनार | १००,०००।०० |
| १३ | कुडुल्ले सिंचाई | १००,०००।०० |
| १४ | घलेदमार सिंचाई | १००,०००।०० |
| १५ | भालुखोला लोप्चन टोल सडक | ३००,०००।०० |
| १६ | जरायो डाँडा सुदम टोल भालुखोला सडक | १५०,०००।०० |
| १७ | चुवार न्यासुर टोल भोम्जन टोल सडक | २००,०००।०० |
| १८ | हिलेखोला खेलमैदान | २००,०००।०० |
| १९ | घलान टोल भोम्जन टोल भुमिलाल मोक्तान टोल सडक | १५०,०००।०० |
| २० | हिलेखोला शिर भोम्जन टोल कटुसपानी सडक | २००,०००।०० |
| २१ | मोक्तानटोल सयपत्री सडक | १००,०००।०० |
| २२ | पाखिनडाँडा जरायोगौडा घलान टोल सडक | ३००,०००।०० |
| २३ | खोरभन्ज्याङ चिसापानी मोक्तानटोल सडक | १५०,०००।०० |
| २४ | च्याउच्याउ पारी सिगारटोल घिसिङ टोल सडक | २००,०००।०० |

| | | |
|---|---|---|
| २५ | च्याउच्याउ कपासे सडक | २००,०००।०० |
| २६ | कालेश्वरी मन्दिर निर्माण | १५०,०००।०० |
| २७ | सकृय कृषि उत्पादक सहकारी संस्था | १००,०००।०० |
| २८ | बिरियम चर्च भवन निर्माण | २००,०००।०० |
| २९ | शिखरपुर स्वास्थ्य चौकी | १५०,०००।०० |
| ३० | विद्यालय पुर्वाधार | ५००,०००।०० |
| ३१ | खेलकुद | १५०,०००।०० |
| ३२ | खानेपानी पाईप खरिद | १००,०००।०० |
| ३३ | विघुतीय तार खरिद | ५०,०००।०० |
| ३४ | विविध | ५००,०००।०० |
| ३५ | जनभावना आधारभुत विद्यालय **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| ३६ | कटुसपानी खानेपानी मुहान सुधार **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ३७ | कुसुमदमार पूर्वाखहरे गोठडाँडा सडक **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| ३८ | सितेरियो कराते संघ भवन निर्माण जरायोगौडा **(कार्यपालिका सदस्य)** | २००,०००।०० |
| ३९ | दमार गुम्बाडाँडा भालुखोला सडक **(कार्यपालिका सदस्य)** | १५०,०००।०० |
| ४० | च्याच्याउ खेलमैदान **(कार्यपालिका सदस्य)** | १००,०००।०० |
| जम्मा | | ८,२५०,०००।०० |

## बकैया गाउँपालिका वडा नं. १०

| | | |
|---|---|---|
| १ | अम्बास देखि गैरी गाँउ सम्मको शाखा मोटरबाटो सरसफाई योजना | १,२००,०००।०० |
| २ | अम्बासलेक हुदै खोर भञ्जाङ थोकर टोल धारापानी अम्बासवेसी सडक | ७००,०००।०० |

| | | |
|---|---|---|
| ३ | कामीटार सडक योजना | २००,०००।०० |
| ४ | दशघरे शिखरपुर पाँचघरे सडक | ४००,०००।०० |
| ५ | चिम्नेडाँडा नौखामे शिखरपुर सडक | ४००,०००।०० |
| ६ | सिस्ने असिमुरे सडक योजना | २००,०००।०० |
| ७ | नागसोती रुप्सेगैरी सडक योजना | ३५०,०००।०० |
| ८ | झगरे सिमल्टार सोलिथुम सडक | ४००,०००।०० |
| ९ | गैरीगाँउ लेखगाउँ चक्मके सडक स्तरोन्नती | ४००,०००।०० |
| १० | राकस खोला खानेपानी योजना | २००,०००।०० |
| ११ | चिमनेडाँडा खानेपानी योजना | १५०,०००।०० |
| १२ | बाहुन खोला सिंचाई योजना | २००,०००।०० |
| १३ | शंकर निमावि तथा प्रसिद्ध मा वि फर्निचर तथा गेट निर्माण | ४००,०००।०० |
| १४ | ECD कक्षा व्यवस्थापन | २००,०००।०० |
| १५ | विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम साथै जेहेन्दार तथा गरिवि विद्यार्थिहरुलाई छात्रावृद्धि कार्यक्रम | २००,०००।०० |
| १६ | महिला सहकारी भवन निर्माण | ५००,०००।०० |
| १७ | महिला उद्यमशिल कार्यक्रम | २००,०००।०० |
| १८ | मन्थली डाँडा खेल मैदान योजना | २००,०००।०० |
| १९ | बालविकास तथा युवा खेलकुद कार्यक्रम | २००,०००।०० |
| २० | सोलीथुम खोल्मे डाँडा सडक | २००,०००।०० |
| २१ | पटारी फाँट सिचाई | १५०,०००।०० |
| २२ | छाडा सिचाई पटारी फाँट | १५०,०००।०० |
| २३ | कालीमाटी खेल मैदान | २००,०००।०० |
| २४ | मंथली कृषि सहकारी संस्था भौतिक पुर्वाधार | २००,०००।०० |
| २५ | घ्याम्पे फाँट सिंचाई | २००,०००।०० |
| २६ | विविध खर्च | ४५०,०००।०० |
| जम्मा | | **८,२५०,०००।००** |

**बकैया गाउँपालिका वडा नं. ११**

| | | |
|---|---|---|
| १ | वडा कार्यालय जाने सडक स्ल्याब ढलान | ४००,०००।०० |
| २ | भैरुङ दोभान गमलटार कुञ्चीपोकल सडक स्तरोउन्नती | ८००,०००।०० |
| ३ | आहालखोप सिंचाई निर्माण | २००,०००।०० |
| ४ | ओडारे सडक निर्माण | १५०,०००।०० |
| ५ | घट्टेखोला गमलटार सडक सरसफाई | २००,०००।०० |
| ६ | कपासे गमलटार सडक निर्माण | २००,०००।०० |
| ७ | बाँदरे खोला सडक निर्माण | २००,०००।०० |
| ८ | कालीदमार खेलमैदान निर्माण | ३००,०००।०० |
| ९ | कृषि कार्यक्रम | २००,०००।०० |
| १० | देउराली घट्टेखोला खानेपानी | २००,०००।०० |
| ११ | आहले स्ल्याब | ४००,०००।०० |
| १२ | रातमाटे स्ल्याब | ३००,०००।०० |
| १३ | कालीदेवी आधारभुत विद्यालय घेराबार | २००,०००।०० |
| १४ | पिपलडाँडा खानेपानी निर्माण | ३००,०००।०० |
| १५ | युवा तथा खेलकुद सामाग्री खरिद | २००,०००।०० |
| १६ | तल्लो सिमात सिंडि बाटो | ३००,०००।०० |
| १७ | कैलाशपती बाघभैरव सिवामाई मन्दिर | ३००,०००।०० |
| १८ | सचाई भवन निर्माण | २००,०००।०० |
| १९ | सेतिदेवि विद्यालय व्यवस्थापन | १००,०००।०० |
| २० | गैरीगाँउ स्ल्याब | ३००,०००।०० |
| २१ | गमलटार चर्च भवन रङरोगन | २००,०००।०० |
| २२ | स्वास्थ्य भवन प्लास्टर | २००,०००।०० |
| २३ | सामुदायिक भवन प्लास्टर | २००,०००।०० |
| २४ | लोपोन्मुख बनस्पति पहिचान तथा संरक्षण | १००,०००।०० |
| २५ | फेदीखोला सिंचाई | १५०,०००।०० |
| २६ | महिला तथा बालबालिका | १००,०००।०० |
| २७ | भुलुनटोल ट्युवेल तथा चौतारा निर्माण | १००,०००।०० |

| | | |
|---|---|---|
| २८ | कपासे खानेपानी माथिल्लो टोल तल्लो टोल **(कार्यपालिका सदस्य)** | ७००,०००।०० |
| २९ | रुद्रस्थली पर्यटन पार्क **(कार्यपालिका सदस्य)** | ३००,०००।०० |
| ३० | विविध | ५००,०००।०० |
| ३१ | महिला शसक्तिकरण तथा नेतृत्व सिप विकास तालिम **(कार्यपालिका सदस्य)** | २५०,०००।०० |
| जम्मा | | ८,२५०,०००।०० |

**बकैया गाउँपालिका वडा नं. १२**

| | | |
|---|---|---|
| १ | खहरे सिंचाई ठिंगन बेंसी | ४००,०००।०० |
| २ | कान्ति मा.वि. स्याल्ब निर्माण **(कार्यपालिका सदस्य)** | ८००,०००।०० |
| ३ | अन्य विद्यालय मर्मत | ५००,०००।०० |
| ४ | कृषि कार्यक्रम | ३००,०००।०० |
| ५ | खानेपानी (जितपुर,धारापानी,ठिङगन बजार) | ८००,०००।०० |
| ६ | आर्दश महिला सहकारी सपोर्ट बाल | ३५०,०००।०० |
| ७ | बालमैत्री कार्यक्रम | १००,०००।०० |
| ८ | चालीसेपाखा मोटरबाटो निर्माण | ३००,०००।०० |
| ९ | गेदामडाँडा अजिंगरे तिनघरे घलेगाउँ | ४००,०००।०० |
| १० | पुरानो स्कुल जीतपुर खोला मोटर बाटो | २५०,०००।०० |
| ११ | सिमपानी माथिल्लो बाटो (वर्जिलाल) | २००,०००।०० |
| १२ | कोखोप धेत्रे च्वारपाखा मोटर बाटो निर्माण | ३००,०००।०० |
| १३ | रातोमाटो बैदार टोल मोटर बाटो निर्माण | २००,०००।०० |
| १४ | खमारीचौर मोटरबाटो निर्माण | १५०,०००।०० |
| १५ | लटरम्भेश्वर स्वागतद्धार खोरभञ्ज्याङ | १००,०००।०० |
| १६ | घले समाज भवन मर्मत | ४००,०००।०० |
| १७ | चारघरे गोले टोल सडक निर्माण | २००,०००।०० |
| १८ | धरापानी ज्यामिरे खोप सडक निर्माण | २००,०००।०० |
| १९ | सिवालीमाई मन्दिर निर्माण **(कार्यपालिका सदस्य)** | ५००,०००।०० |
| २० | हरियो खर्क चर्च भवन | ३००,०००।०० |

| | | |
|---|---|---|
| २१ | केराघारी गुम्बा | ३००,०००।०० |
| २२ | खेल मैदान | ४००,०००।०० |
| २३ | ठिंगन स्वास्थ्य चौकी रङरोगन तथा मर्मत | ३००,०००।०० |
| २४ | विविध | ५००,०००।०० |
| जम्मा | | ८,२५०,०००।०० |

३८. गाउँपालिकाका विभिन्न कार्यक्रम तथा विकास निर्माणका कार्य गर्नका लागि शाखागत तथा कार्यक्रमगत रुपमा देहाय अनुसार बजेट वनियोजन गरिएको छ ।

| **क्र.सं.** | **आयोजनाको नाम** | **बजेट रकम** |
|---|---|---|
| १ | कृषि | १३,०००,०००।०० |
| २ | पशु | ३०,०००,०००।०० |
| ३ | स्वास्थ्य | १२,५००,०००।०० |
| ४ | महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण | ४,५००,०००।०० |
| ५ | सहकारी | १,५००,०००।०० |
| ६ | न्यायीक समिति | १,५००,०००।०० |
| ७ | शिक्षा | ३०,०००,०००।०० |
| ८ | खेलकुद | ३,५००,०००।०० |
| ९ | विपद व्यवस्थापन | ५,०००,०००।०० |
| १० | वन तथा वातावरण | १,५००,०००।०० |
| ११ | सूचना तथा सञ्चार | २,५००,०००।०० |
| १२ | पर्यटन | ७,०००,०००।०० |

| | | |
|---|---|---|
| १३ | टोल विकास संस्था | ५००,०००।०० |
| १४ | संस्थागत विकास तथा सुशासन | २५,०००,०००।०० |
| १५ | कला, साहित्य, संस्कृती | १,५००,०००।०० |
| १६ | विद्युत | ५,०००,०००।०० |
| १७ | नापीनक्सा | १७,०००,०००।०० |
| १८ | खानेपानी | ३,०००,०००।०० |
| १९ | सडक सरसफाई | ५,०००,०००।०० |
| २० | प्रधानमन्त्री रोजगार कार्यक्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रम | १,५००,०००।०० |
| जम्मा | | **१७१,०००,०००।००** |

३९. उल्लेखित विषयगत बजेट शिर्षकहरु मध्ये कृषी, पशु, स्वास्थ्य, महिला बालबालिका जेष्ठ नागरिक तथा समाज कल्याण, बालमैत्री, सहकारी, न्यायिक समिती, शिक्षा तथा खेलकुद शिर्षक अन्तर्गतका कार्यक्रम तथा बजेटहरु अनुसूचीको रुपमा विनियोजन विधेयक बजेट साथ समावेश गरिएको छ ।

४०. यसैगरी गाउँपालिकामा चालु आर्थिक वर्षमा सञ्चालित योजनाहरुको कार्य सम्पन्न नभएकोमा उक्त योजनाहरुलाई क्रमागत योजनाको रुपमा तपशिल बमोजिम बजेट विनियोजन गरिएको छ ।

**क्रमागत योजनाहरु**

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित बजेट रु. |
|---|---|---|---|
| १ | जुरेली खानेपानी योजना | ४ | १६,५००,०००।०० |
| २ | झोलुङ्गे पुल | | ५,५००,०००।०० |

| | | | |
|---|---|---|---|
| ३ | सानोथली ठुलोथली पान्द्राली लिफ्ट सिंचाई | ४ | ५,०००,०००।०० |
| ४ | हात्तीसुँडे खानेपानी | ३ | ५,०००,०००।०० |
| ५ | दरबार डाँडा सडक | ७ | २,०००,०००।०० |
| ६ | सवारी साधन खरिद | | ५,०००,०००।०० |
| ७ | साम्तेन जुग्मालिङ बौद्ध महिला ध्यान केन्द्र | १ | १००,०००।०० |
| ८ | कमेरो खोल्सी खानेपानी | २ | ५००,०००।०० |
| ९ | बाघ भैरव खेलमैदान निर्माण | ४ | ३००,०००।०० |
| १० | गोठखोला शिव मन्दिर | ४ | ३००,०००।०० |
| ११ | जुरेली मन्दिर घेराबार | ४ | १००,०००।०० |
| १२ | तामाखोला खानेपानी | ४ | १००,०००।०० |
| १३ | भिरकोट शक्तेश्वर मन्दिर | ७ | ३००,०००।०० |
| १४ | माझी संग्रहालय | ७ | ३००,०००।०० |
| १५ | चम्पाटार सेरोफाँट खानेपानी | १० | १००,०००।०० |
| १६ | सौभाग्य बचत तथा ऋण सहकारी | १० | ८००,०००।०० |
| १७ | जनजाती भवन निर्माण | ११ | ४००,०००।०० |
| जम्मा | | | **४२,३००,०००।००** |

४१. यसैगरी रु. २ करोड लाई विविध पूर्वाधार निर्माण शिर्षकमा विनियोजन गरिएको छ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

४२. यसरी बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को बजेट खर्च शिर्षकलाई सारांशको रुपमा पुनः प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

| क्र.सं. | बजेट खर्च | बजेट रकम रु. |
|---|---|---|
| १ | नेपाल सरकार सशर्त अनुदान | २८९,२००,०००।०० |
| २ | बागमती प्रदेश सरकार सशर्त अनुदान | ३१,२४६,०००।०० |
| ३ | समपुरक कोष (नेपाल सरकार, बागमती प्रदेश सरकार तथा बकैया गाउँपालिका) | ७०,०००,०००।०० |
| ४ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | ९०,०००,०००।०० |
| ५ | वडागत तथा कार्यपालिका सदस्य सिलिङ बजेट | ९९,०००,०००।०० |
| ६ | विषयगत शाखा बजेट | १७१,०००,०००।०० |
| ७ | क्रमागत योजनाहरु सहित अन्य | ४२,३००,०००।०० |
| ८ | विविध पूर्वाधार निर्माण | २०,०००,०००।०० |
| **जम्मा** | | **८१२,७४६,०००।००** |

**आदरणीय सभाध्यक्ष महोदय,**
**आदरणीय सदस्य ज्यूहरु,**

४३. लामो समयदेखिको कोभिड-१९ महामारीले मानव जीवनलाई प्रभावित बनाएको तथा मुल्यवृद्धिका कारण आर्थिक तथा विकास गतिविधिहरुमा नकारात्मक असर परेको छ । जसबाट देशलाई समृद्धितर्फ लैजान थप चुनौती देखिएको छ । आगामी आर्थिक वर्ष कोभिड महामारीको नियन्त्रणमा पुर्ण सफलता प्राप्त हुने, खोप अभियानले पूर्णता पाउने, स्वास्थ्य पूर्वाधारमा सुधार हुने, सडक सञ्जाल विस्तार र स्तरोन्नती हुने, कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि हुने र आर्थिक पुनरुत्थानमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

४४. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम आवधिक योजना, नीति कार्यक्रम, बजेटको सिद्धान्त तथा प्राथमिकता, दिगो विकासका लक्ष्यसँग तादम्यता हुने गरी तर्जुमा गरिएको छ । प्रतिकुल समयमा पनि लक्ष्य हासिल गर्ने खालको विकासको ढाँचा तय

गरिएको हुँदा आगामी आर्थिक वर्षको बजेट यसैतर्फ उन्मुख रहेको प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

४५. यसरी आर्थिक वर्ष २०७९।८० को कार्यक्रम र बजेटको उत्तरार्धमा पुगिरहँदा बजेट बनाउन सहयोग पुर्याउनुहुने गाउँ कार्यपालिका, वडा समितिका पदाधिकारी ज्यूहरु,राजस्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति लगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारी ज्युहरु, कर्मचारीहरु, टोल वस्ति स्तरीय भेला देखि सहभागी भई आयोजना कार्यक्रम छनौटमा प्रत्यक्ष र परोक्ष रुपले सकृय जनसमुदाय, लगायत बजेट निर्माण प्रकृयामा प्रत्यक्ष र परोक्ष रुपले सहभागी हुनुहुने एवम् अमुल्य सहयोग, सुझाव, सल्लाह दिनुहुने सम्पुर्णप्रति हार्दिक आभार प्रकट गर्दछु । सदा झै बजेट कार्यान्वयनको लागि सबैको सीर्जनशील र रचनात्मक सहयोग र साथ रहने अपेक्षा गरेको छु ।

४६. अन्त्यमा स्वास्थ्य सम्बन्धी सावधानी अपनाई गाउँपालिकाको वृहत्तर विकासको अभियानमा एकजुट हुन सम्पूर्ण बकैयाबासी दिदीबहिनी तथा दाजुभाइहरुलाई हार्दिक आव्हान गर्दछु । **धन्यवाद ।**

**मितिः २०७९ साल असार २४ गते**

**भक्त बहादुर खत्री**
**उपाध्यक्ष**
**बकैया गाउँपालिका**